स्थानिय सरकार
पाँचपोखरी थाङ्पाल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
२०७३

प.स. ०७८/०७९
च.नं. १०६२

इमेल : ito.panchpokharithangpalmun@gmail.co
website: panchpokharithangpalmun.gov.np

मिति : २०७८/०२/०९

श्री प्रमुख लामा ज्यूहरु, सबै गुम्बा,
श्री पण्डित /पुरोहित/गुरुज्यूहरु सबै,
श्री सम्बन्धित सबै,
पाँचपोखरी थाङपाल गाउँपालिका,
थाङपालधाप, सिन्धुपाल्चोक ।

विषय : कोरोना रोकथाम तथा न्युनिकरणमा सहयोग गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा हाल विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कोरोना भाइरस र यसको विभिन्न प्रकारका भेरिएन्टहरुको कारणले नेपाल अति विषम परिस्थितिबाट गुज्रिरहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ । दिन दुई गुना रात चौगुना संकमित बढ्दैगरेको जोखिमपूर्ण परिस्थिति एकातिर छ भने अर्कोतिर हाम्रै गाउँपालिकामा पनि संकमित संख्या बढिरहेको वर्तमान अवस्थामा केही वडाहरु सिल गर्नुपरेको छ । यस्तो चुनौतीपूर्ण समय हामीहरुले भ्केलिरहेका छौं । तसर्थ यस्तो विषम परिस्थितिमा हाम्रो धर्म संस्कृति अनुसार हुने घेवा, ब्रतवन्ध, विवाह, भिडभाड सहित हुने चाडपर्व पूजाआजा लगायत सम्पूर्ण कियाकलापहरु बाध्य भएर बन्द गर्नुपरेको हुँदा सो कार्यमा सहयोग गरी कोरोना माहामारी रोकथाम तथा न्युनिकरणमामा सहयोग पुर्याउनुहुन हार्दिक अनुरोध छ । माहामारीको नियम उल्लङ्घन भएमा सोही कानुन अनुसार व्यक्ति आफै सजायको भागिदार हुनुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७८।२।९

...............................
(दिनेश कुमार पोखरेल )
नि. प्रमुख प्रशासकीय अधिकृत

दिनेश कुमार पोखरेल
निमित प्रमुख प्रशासकिय अधिकृत